**आकाशवाणी समाचार- नेपाली**

मितिः २० दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१.प्रधानमंत्री नरेंद्र मोदी आज पश्चिम बंगालको भ्रमणमा हुनुहुन्छ| भ्रमणको क्रममा, प्रधाानमंत्रीले नदिया जील्लाको रानाघाटमा तीन हजार दुई सय करोड रुपियाको दुई राष्ट्रीय राजमार्ग परियोजनाहरुको उद्घाटन र शिल्यानास गर्नुहुनेछ।

२.निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको सूक्ष्म पर्यवेक्षकको रूपमा केंद्र सरकारका अधिकारिहरुलाई तैनात गर्ने निर्णय गरेको छ।

३.पश्चिम बंगालमा 2016 को राज्य स्तरीय चयन परीक्षा (एसएलएसटी) बाट नियुक्त 'अयोग्य' शिक्षकहरु र गैर-शिक्षण कर्मचारिहरुद्वारा दिल्लीमा प्रदर्शन|

४.**इण्डियन गोर्खा जनशक्ति फ्रण्टको तराई डुवर्स फ्रण्ट गठन ।**

५.मौसम विभागले क्रिसमसपछि फेरि तापक्रम घट्ने सम्भावना व्यक्त गरेको छ|

**प्रधानमंत्री - पश्चिम बंगाल**

प्रधानमंत्री नरेंद्र मोदी आज पश्चिम बंगालको भ्रमणमा हुनुहुन्छ। आफ्नो भ्रमणको अवधि, प्रधाानमंत्रीले नदिया जील्लाको रानाघाटमा तीन हजार दुई सय करोड रुपियाको दुई राष्ट्रीय राजमार्ग परियोजनाहरुको आधारशिला राख्नु हुनेछ र उद्घाटन गर्नुहुनेछ। श्री मोदीले सभालाई संबोधन पनि गर्नुहुनेछ।

प्रधान मन्त्रीले पश्चिम बङ्गालको नादिया जिल्लामा एनएच-३४ को ६६.७ किलोमिटर लामो बरजागुली-कृष्णनगर खण्डको चार लेनको उद्घाटन गर्नुहुनेछ। श्री मोदीले उत्तर २४ परगना जिल्लाको एनएच-३४ को १७.६ किलोमिटर लामो बारासात-बरजागुली खण्डको शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरूले कोलकाता र सिलिगुडी बीचको महत्त्वपूर्ण लिङ्कको रूपमा काम गर्नेछन्। यसो गर्दा यात्राको समय करिब दुई घण्टाले घट्नेछ। यसले सवारी साधनको आवागमनलाई छिटो र सहज बनाउनेछ।
यी परियोजनाहरुले क्षेत्रको आर्थिक विकासलाई पनि बढ़ावा दिनेछ र सम्पूर्ण क्षेत्रमा पर्यटनलाई गति प्रदान गर्नेछ।

**पश्चिम बंगाल - निर्वाचन आयोग**

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको सूक्ष्म पर्यवेक्षकको रूपमा केंद्र सरकारका अधिकारिहरुलाई तैनात गर्ने निर्णय गरेको छ। यी पर्यवेक्षकहरुले 16 फरवरीको अंतिम मतदाता सूची प्रकाशित हुनसम्म मतदाता सूचीमा दर्ता प्रविष्टिहरुलाई निहालेर जाँच गर्नेछन। उनीहरुले आफ्नो रिपोर्ट मुख्य निर्वाचन अधिकारी र मतदाता सूची पर्यवेक्षकलाई सुम्पिनेछन।

**(एसआईआर)**

पश्चिम बंगालमा मतदाता नामावली (एसआईआर) को विशेष गहन संशोधन निर्वाचन आयोगले ऐन अन्तर्गतका दाबी र आपत्तिमाथि सुनुवाइ गर्न महत्वपूर्ण निर्णय गरेको छ। आयोगले निर्णय गरेको छ कि सुनुवाई सत्रहरूमा केन्द्र सरकारका अधिकारीहरूलाई मात्र माइक्रो अब्जर्भरको रूपमा नियुक्त गरिनेछ। 16 दिसंबरको प्रकाशित प्रारूप मतदाता सूची माथि दाबि र आपत्तिहरुको सुनवाई अघिल्लो सप्ताहदेखि शुरू हुन् गइरहेको छ। यो एसआईआरको तीन चरणहरुको प्रक्रियाको दोस्रो चरणहो। मुख्य निर्वाचन अधिकारी कार्यालयसित जुड़ेका एक वरिष्ठ अधिकारी अनुसार, माइक्रो ऑब्जर्वरको तौरमा सीधा केंद्र सरकारका अधिकारी, केंद्रीय सार्वजनिक उपक्रमहरुका कर्मचारी अथवा सार्वजनिक क्षेत्रका बैंकहरुका अधिकारी तैनात गरिन सकिनेछ। यी सबै अधिकारिहरुको पद समूह-बी अथवा त्योभन्दा माथ

अनिवार्य छ ।

अधिकारीले बताए अनुसार माइक्रो ऑब्जर्वरको नियुक्तिको लागि मुख्य निर्वाचन अधिकारी कार्यालयले नयाँ दिल्ली स्थित चुनाव आयोग मुख्यालयमा अनुरोध गरेको थियो । जसलाई आयोगले शुक्रवार दिउँसो अनुमति दिएको छ ।

**बंगाल-निर्वाचन आयोग**

निर्वाचन आयोगले पश्चिम बंगालमा एस.आई.आर. प्रक्रियाका आगामी चरणका लागि २ हजार ८ सय अतिरिक्त सहायक निर्वाचन पंजीकरण अधिकारीको नियुक्तिलाई स्वीकृति दिएको छ। यी नियुक्तिहरू पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी कार्यालयको औपचारिक अनुरोधको प्रत्युत्तरमा गरिएको हो। आधिकारिक सुत्र अनुसार, ती अधिकारीहरूलाई प्रशासनिक आवश्यकताका आधारमा विभिन्न जिल्लाहरूमा तैनाथ गरिनेछ।

**पश्चिम बंगाल शिक्षकहरुको दिल्लीमा प्रदर्शन**

पश्चिम बंगालमा 2016 को राज्य स्तरीय चयन परीक्षा (एसएलएसटी) बाट नियुक्त 'अयोग्य' शिक्षकहरु र गैर-शिक्षण कर्मचारिहरुलाई लिएर उच्चतम न्यायालयको हालैको निर्देश बीच हिज शुक्रवार नयाँ दिल्लीमा ठूलो संख्यामा शिक्षकहरुले प्रदर्शन गरेका थिए । प्रदर्शनकारी शिक्षकहरुले नयाँ भर्ती प्रक्रिया माथि रोक लगाउने मांग लिएर राहत को आशा जताइरहेका थिए , तर अदालत द्वारा उक्त मांगलाई अस्विकार गरी पछि उनीहरुको आक्रोशबढेको थियो ।

***दिल्लीमा प्रदर्शन गरिरहेका शिक्षकहरुले भनेका छन् कि उनीहरुले न्यायालयको निर्देशहरुको सम्मान गर्दछन् , तर नयाँ भर्ती प्रक्रियाको अवधि आफ्नो भविष्यलाई लिएर आशंकित बनेका छन् र स्थायी समाधानको मांग गरिरहेका छन्।***

***यसै बीच, पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्ड (डब्ल्यूबीबीएसई) ले हिज शुक्रवार भनेको छ कि उच्चतम न्यायालयको निर्देश अनुसार 2016 एसएलएसटी अन्तर्गत नियुक्त ती शिक्षक, जिन माथि कुनै प्रकारको प्रत्यक्ष आरोप सिद्ध भएको छैन , उनीहरुले 31 अगस्त, 2026 सम्म सेवामा बनि रहने अनुमति दिएको छ ।***

***यस संबंधमा डब्ल्यूबीबीएसईका सचिव सुब्रत घोषले भन्नु भएको कि हामि खुशी छौ कि 18 दिसंबर को बोर्ड द्वारा दायर आवेदनलाई उच्चतम न्यायालयले स्वीकार गरेको छ । साल 2016 एसएलएसटीका ती शिक्षक, जसमाथि विशेष रूपले कयौ आरोप लागेको थियो , अब 31 अगस्तसम्म काम गरिरहन सक्नेछन् ।यो निर्णय छात्रहरु र पश्चिम बंगालको स्कूली शिक्षा व्यवस्थाको हितमा लिएको एक दूरदर्शी कदम हो ।***

***उल्लेखनीय छ , 3 अप्रैलमा उच्चतम न्यायालयले ठूलो तौरमा अनियमितताहरुको हवाला दिदै 2016को सम्पूर्ण एसएलएसटी पैनललाई रद्द गरिदिएका थिए ।जसले गर्दा राज्य-संचालित र राज्य-सहायता प्राप्त स्कूलहरुका कुल 25,753 शिक्षक र गैर-शिक्षण कर्मचारीहरुले आफ्नो चाकरी गुमाएका थिए । यी नियुक्तिहरु कक्षा 9 देखि 12 सम्मको लागि गरिएको थियो ।***

**इण्डियन गोर्खा जनशक्ति फ्रण्टको तराई डुवर्स फ्रण्ट गठन**

तराई डुवर्स जन शक्ति फ्रण्ट गठन गरिएको छ।हिज शुक्रवार माल बजारको बस स्टयाण्डमा तराई डुर्वस जन शक्ति फ्रण्टको केन्द्रिय कार्यालयको उद्धाटन गरिएको छ । उक्त उद्धाटन समारोहमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टका केन्द्रिय संयोजक अजय एडवर्ड्स विशेष रूपमा उपस्थित रहेका थिए।

तराई डुवर्स जन शक्ति फ्रण्ट इण्डियन गोर्खा जन शक्ति फ्रण्टको भातृ संगठन हो। इण्डियन गोर्खा जनशक्ति फ्रण्टले तराई डुवर्स क्षेत्रका गोर्खा, आदिवासी, टोटो, राजबंशी, बिहारी, बंगाली, मारवाडी आदि समुदायहरूले झेल्दै आएका समस्याहरूलाई समाधानको मार्ग खोजी निकाल्न तराई डुवर्स जन शक्ति फ्रण्टको गठन गरेको बताएको छ।

सभामा तराई डुवर्स जन शक्ति फ्रण्टको कार्यकारी समिति पनि गठन गरिएको छ , जसमा आयुष अधिकारीलाई प्रमुख संयोजकको पदभार

सुम्पिएको छ। त्यसरी नै अध्यक्ष राजेश लकडा, उपाध्यक्ष डा. आरपी शर्मा, उपाध्यक्ष चन्दन लोहरा, महासचिव कृष्णनन्द सिंह, सचिव डा. जय प्रफुल लकडा, सहसचिव विजय छेत्री, सहसचिव जेरेट पूर्ति, कोषाध्यक्ष पप्पू गुप्त चयन भएका छन्। त्यसरी नै प्रमुख सल्लाकारहरूमा प्रकाश अधिकारी र सुजित कुजुरलाई चयन गरिएको छ। नव निर्वाचित पदाधिकारीहरूले पार्टीको भिजन अनुरुप काम गर्ने संकल्प लिएको बताइएको छ।

## 313 शिक्षक शिक्षिकाहरुको साथमा श्याम शेर्पा

वर्तमानमा पहाडका 313 जना शिक्षक शिक्षिकाहरुको साथमा 28 नम्बर खरसाङ चिमनी देवराली समष्टि सदैव साथमा रहेको सभासद श्याम शेर्पाले बताएका छन्। उनले हिज  एक भिडियो जारी गर्दै 313 जना शिक्षक शिक्षिकाहरुको गाँस खोस्ने काम भईरहेको र चोर दैलोबाट काम पाएको भन्ने जुन लाञ्छना लगाईएको छ त्यसको घोर भर्त्सना र विरोध गर्दछौं भनी बताएका छन्। उनले 313 जना शिक्षक शिक्षिकाहरुको लडाईमा सदैव साथमा रहेको र निराश नहुने र एक दिन अवश्य जीत हुने बताएका छन्। सभासद श्याम शेर्पासितै 28 नम्बर समष्टिको सांगठनिक सचिव प्रेम बम्जनले पनि 313 जना शिक्षक शिक्षिकाहरुको साथमा 28 नम्बर समष्टि रहेको बताएका छन्।

यसरि नै पहाडमा शिक्षा व्यवस्था र शिक्षक शिक्षिकाहरुमाथि ठूलो ग्रहण लागेको र 313 जना शिक्षक शिक्षिकाहरुको नाममा पहाडमा 36 हजार शिक्षक शिक्षिकाहरुमाथि ग्रहण लागेको बौध्द धर्म गुरु पेम्बा रिम्पोर्छेले बताएका छन्। उनले गोर्खाहरुमाथिअन्याय र अत्यचार हुँदा र समस्या आईपरेको बेला पनि गोर्खाहरु नै रमाईरहेको बताउँदै कोही सानो जीटीएको कुर्सीको लोभमा पनि छन् भनी बताएका छन्। बौध्द धर्म गुरु पेम्बा रिम्पोर्छेले 313 जना शिक्षक शिक्षिकाहरुलाई नअत्तालिने र केही नहुने साथै कसैको नोकरी नजाने कारण पहाडको अलग्गै प्रावधान छ भनी बताएका छन्। उनले भने, म पूर्ण रुपमा 313 जना शिक्षक शिक्षिकाहरुको साथमा रहेर सघाउनेछु। यो गोर्खा जातिमाथि आईपरेको संकट हो र म पूर्ण रुपमा शिक्षकहरुको साथमा रहेर सघाउन तयार छु।'

## घैयाबारी ग्राम पञ्चायत तीनद्धारा तीनवटा डिस्पोजल मशीनहरु राख्ने कार्य सम्पन्न

खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायतको तर्फबाट सर सफाईलाई ध्यानमा राख्दै सेनेटेरी प्याड र डाइपरहरु डिसपोजल गर्ने मशीन वितरण गरिएको छ। घैयाबारी ग्राम पञ्चायत तीनको तर्फबाट उक्त डिसपोजल मशीनहरू घैयाबारी प्राथमिक स्वास्थ्य केन्द्र, उषाकिरण मल्टिपर्जोस को-ओपरेटिभ सोसाइटी र रोहिणी सब सेन्टरहरूमा प्रदान गरिएका छन्। यी तीनवटा मशीनहरुमार्फत् सेनिटेरी न्यापकिन र डाइपरहरु डिसपोजल  गर्न सकिने छ। सरकारको निर्देशन अनुसार विभिन्न स्थानहरुमा सर सफाईको कार्य भइरहेको छ भने प्लास्टिकको प्रयोग विषयमा सचेतना फैलाउने कार्य पनि भइरहेको छ। यसै क्रममा सेनेटेरी प्याड र डाइपरहरु डिसपोजल गर्ने मशीनहरु तीनवटा स्थानहरुमा राखिएको बताइएको छ। यी मशीनहरु वितरण कार्यक्रममा घैयाबारी ग्राम पञ्चायत तीनका पञ्चायत प्रधान सुष्मा वाईबा राई, उप प्रधान केवल राई, पञ्चायत समिति सदस्या कुसुम प्रधान, पञ्चायत सचिव लगायत अन्यहरु उपस्थित रहेका थिए। घैयाबारी ग्राम पञ्चायतकी पञ्चायत प्रधान सुष्मा वाईबा राईले सरकारको तर्फबाट घैयाबारी ग्राम पञ्चायत तीनमा तीनवटा डिसपोजल मशीनहरु राखिएको बताएकी छन्। उनले यी मशीनहरु सेनेटेरी प्याड र डाइपरहरु डिसपोजल गर्न लगाइएको बताइन्। उनले सबैलाई सफा र स्वच्छ रहन आह्वान् गर्दै आफ्नो गाउँ सफा राखौँ भनी अनुरोध पनि गरेकी छन्।

## मौसम

कोलकाता र दक्षिण बंगालमा कडा जाडो अझै सकिएको छैन। मौसम हल्का चिसो छ र बिहानको समयमा धेरैजसो जिल्लाहरूमा कुहिरो लागेको छ। कोलकाता र अन्य धेरै जिल्लाहरूमा रातको तापक्रम सामान्यभन्दा माथि छ। अलिपुर मौसम विभागले आगामी पाँच दिनसम्म राज्यको तापक्रममा कुनै उल्लेखनीय परिवर्तन नहुने सम्भावना व्यक्त  गरेको छ।

****** ० ******